# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड २) संख्या ३९ स्थानीय राजपत्र भाग २ मिति २०७५।११।०७


# समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदानसम्बन्धी मापदण्ड-२०७५

**प्रस्तावना**

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत समाज कल्याणका अन्य क्षेत्रमा काम गर्ने संघसंस्थाहरूलाई अनुदान दिने व्यवस्था हुँदै आएको छ । संघसंस्थालाई त्यस्तो अनुदान रकम उपलब्ध गराउने कार्यलाई अझ बढी पारदर्शी, उपलब्धिमूलक र व्यवस्थित बनाउने उद्देश्यले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले जारी गरेको निर्देशिका, २०७३ को अधिनमा रही यो मापदण्ड जारि गरिएको छ ।

**१ प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम "समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदान सम्बन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) **यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।**

(३) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कार्यक्रम खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "प्रशासनिक खर्च" भन्नाले पारिश्रमिक, सेवा महशुल तथा भाडा, कार्यालय सामान तथा परामर्श सेवा र भ्रमण खर्च जस्ता चालु खर्च सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "स्थानीय तह" भन्नाले घोराही उप-महानगरपालिका सम्झनु पर्दछ ।

(च) "प्रदेश भन्नाले" ५ नं. प्रदेशलाई सम्झनु पर्नेछ ।

(छ) "कार्यालय प्रमुख भन्नाले" प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

(ज) "संस्था" भन्नाले महिला, बालबालिका तथा समाज कल्याणका अन्य क्षेत्रमा काम गर्नको लागि कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

४. **अनुदान सम्बन्धी व्यवस्था अनुदान उपलब्ध हुने क्षेत्र :**

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलगायत समाज कल्याणका अन्य क्षेत्रमा काम गर्ने संस्थाहरूलाई देहायका विषयमा संघ, प्रदेश, सामाजिक विकास मन्त्रालयले अनुदान दिन सक्नेछ :

(१) अपाङ्गता भएका व्यक्तिहरूको लागि दीर्घकालीन, पुनःर्स्थापना गृह, सामान्यतया अल्पकालीन सुरक्षा गृह, दिवा सेवा केन्द्र निर्माण तथा संचालन गर्न ।

(२) जेष्ठ नागरिकहरूका लागि वृद्धाश्रम/हेरचाह केन्द्र र दिवा सेवा

केन्द्र निर्माण तथा संचालन गर्न ।

(३) जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामग्रीहरूको उत्पादन, खरीद एवं वितरण गर्न ।

(४) शिक्षा, जीवनोपयोगी सीप तथा व्यवसायिक तालिम संचालन गर्न ।

(५) लक्षित समुदायमा आयमूलक कार्यक्रम संचालन गर्ने कार्यविधि बनाई आय-आर्जनका लागि बिऊ पूँजी दिने र सोको अनुगमन गर्ने ।

(६) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकको हक हितका लागि गरिने पैरवी, प्रशिक्षण, सि.वि.आर. कार्यक्रम, सहजकर्ता, दोभाषे, तथा सहयोगीहरुका लागि तालिम कक्षा सञ्चालन, प्रचार, प्रसार जस्ता कार्यक्रम संचालन गर्न ।

(७) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलगायत समाजिक विकास मन्त्रालयले प्राथमिकता तोकेका विषयहरूमा कार्यक्रम सञ्चालन गर्न ।

५. **अनुदान उपलब्ध गराउन सक्ने :**

१) दफा ३ को उपदफा (१) र (२) बमोजिम कम्तीमा ५० जना व्यक्ति रहने सक्ने दीर्घकालीन पुनःर्स्थापना गृह र वृद्धाश्रम निर्माणको लागि मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुन आउने कूल लागतको ७०% सम्म अनुदान दिन सकिनेछ ।

दिवा सेवा केन्द्र निर्माणको लागि एक पटकमा वा पटक पटक गरी बढीमा रु. ५ लाखसम्म अनुदान दिन सकिनेछ ।

६. **अनुदानका लागि दरखास्तसाथ प्रस्ताव पेश गर्नुपर्ने :**

(१) दफा ३ बमोजिमका विषयहरूमा आगामी आर्थिक वर्षमा काम गर्ने गरी संस्थाले स्थानीय निकाय र स्थानीय सरोकार समूहको संलग्नतामा सम्भाव्यता अध्ययन भएको प्रतिवेदन समेत संलग्न

राखी स्थानीय तहको सम्बन्धित कार्यालयमा दरखास्त साथ प्रस्ताव पेश गर्नुपर्नेछ। उक्त प्रस्तावनाको बजेट नगर सभाबाट विनियोजित भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण कार्यको लागि अनुदान माग गर्न दरखास्त साथ प्रस्ताव पेश गर्ने संस्थाले कूल लागत मध्ये दफा ४ को अधिनमा रही संस्थाको, स्थानीय तहको र प्रदेश मन्त्रालयको हिस्सा स्पष्ट खुल्ने गरी दरखास्त दिनुपर्नेछ कूल लागत मध्ये मन्त्रालयको हिस्सा ७० प्रतिशत भन्दा बढी हुने गरी अनुदान उपलब्ध हुनेछैन ।

(३) अनुदानबाट निर्माण भएको संरचनाहरूको गुणस्तर र सेवा सञ्चालनको दिगोपनाको जिम्मेवारी अनुदान प्राप्त गर्ने संस्थाको हुनेछ।

(४) संघ तथा प्रदेशको हकमा स्थानीय तहले सिफारिस गरी पठाउन सक्नेछ ।

(५) अनुदान लिन इच्छुक संस्थाले देहाय बमोजिमका विवरणसहित सम्बन्धित कार्यालयमा दरखास्त दिनुपर्नेछ :

(६) स्थानीय तहको हकमा संघसंस्थाको प्रस्तावना तथा विनियोजित बजेट नगर सभाले पास गरेको हुनुपर्नेछ ।

(७) संघ तथा प्रदेशको हकमा स्थानीय तहले सिफारिस गरी पठाउन सक्नेछ ।

उपदफा (१) बमोजिमको दरखास्त पेश गर्दा अनुसूची-१ मा दिइएको ढाँचामा प्रस्तावित कार्यक्रमको अवधारणा पत्र समेत पेश गर्नुपर्नेछ ।

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(ख) संस्थाका सञ्चालकहरुको व्यक्तिगत विवरण,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) संस्थाको भौतिक अवस्था देखिने विवरण,

(ङ) संस्थाको जनशक्तिको अवस्था,

(च) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(छ) सञ्चालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ज) स्थानीय निकायबाट व्यहोरिने स्रोत र सिफारिस,

(झ) प्रस्तावित कार्यक्रममा संस्थाको अंश ३०% (कूल लागतमा १५% Overhead Cost समेत) हुने व्यहोरा खुलेको विवरण ।

७. **मूल्यांकन तथा सिफारिस समिति :**

(१) दफा ५ बमोजिम प्राप्त दरखास्त उपर मूल्यांकन गर्न देहाय बमोजिम मूल्यांकन तथा सिफारिस समिति गठन गरिने छ :

(क) नगर प्रमुख- संयोजक

(ख) नगर उप-प्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सम्बन्धित शाखाको अधिकृत- सदस्य-सचिव

(ङ) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि- सदस्य

(च) कोष तथा कार्यालयको आर्थिक प्रशासनको शाखा प्रमुख- सदस्य

(छ) सम्बन्धित शाखाको संयोजक- सदस्य

(२) निर्माण सम्बन्धी कामको लागि गठित मूल्यांकन तथा सिफारिस समितिमा प्रतिनिधि सदस्यको रुपमा रहनेछन् ।

(३) मूल्यांकन सम्बन्धित स्थानीय तहको योजना शाखा तथा महाशाखाको प्रमुख वा निजले तोकेको प्राविधिक तथा सिफारिस समितिले दफा ५ बमोजिम पेश हुन आएका प्रस्ताव मूल्यांकन गरी आफ्नो सिफारिस सहितको प्रतिवेदन तोकिएको समयभित्र पेश गर्नु पर्नेछ ।

८. **प्रस्ताव मूल्यांकनका आधार देहाय बमोजिम हुनेछन् :**

| क्र. सं. | विवरण | अंक भार |
|---|---|---|
| १. | प्रस्ताव र अवधारणा पत्रको मूल्यांकन | १५ |
| २. | संस्थाको भौतिक संरचना | १५ |

| | | |
|---|---|---|
| ३. | संस्थाको जनशक्तिको अवस्था | २० |
| ४. | संस्थाको सम्बन्धित क्षेत्रको अनुभव | १५ |
| ५. | संस्थाको आर्थिक कारोबार | १० |
| ६. | संस्थाको आन्तरिक श्रोत परिचालनको अंश | १५ |
| ७. | स्थानीय श्रोत साधन परिचालनको अंश १० जम्मा | १०० |

(४) उपदफा (३) मा उल्लिखित हरेक विवरणको अंक भारलाई आधार लिई कार्यालयले आवश्यकताको आधारमा अंकसहितको सहायक मानकहरु तयार गर्नुपर्नेछ ।

९. **संस्था छनोट समिति :**

(१) दफा ६ बमोजिम सिफारिस भई आएका संस्थाहरुलाई स्थानीय तहले बजेटको सीमितता एवं कार्यक्रमको आवश्यकताको आधारमा अनुदानको लागि छनोट गर्नेछ । उक्त कार्यको लागि विभागमा देहाय बमोजिमको एक छनोट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) समितिको संयोजक- सदस्य

(ग) कोष तथा आर्थिक शाखा प्रमुख- सदस्य

(घ) महाशाखाका प्रमुख- सदस्य

(ङ) सम्वन्धित शाखा हेर्ने अधिकृत- सदस्य-सचिव

(१) छनोट समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य विशेष व्यक्तित्व स्थानीय तहको प्रमुख तथा उप-प्रमुख र सम्बन्धित व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(२) समितिले छनोट भएका संस्थाहरुको नामावली तोकिएको समयभित्र स्थानीय तहमा पठाइसक्नु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि माथिल्लो निकायबाट कार्यक्रम अनुदानका लागि छनोट भई आएका संस्थाहरुको अलावा स्थानीय तहले कुनै संस्थाबाट खास किसिमका कामहरु

गराउन वा अन्य सक्षम नयाँ संस्थालाई अनुदान उपलब्ध गराउन आवश्यक देखेमा त्यस्ता संस्थाहरुलाई अनुदान दिने सूचीमा समावेश गर्न सक्नेछ ।

तर, त्यस्ता संस्थाहरुलाई दिइने अनुदान अनुदानको लागि निर्धारित कूल बजेटको १० प्रतिशत भन्दा बढी हुनेछैन ।

१०. **अनुदान नदिइने :**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका संस्थाहरूलाई अनुदान दिइने छैन :

(क) यस अघि लिएको अनुदानको हिसाब पेश नगरेको ।

(ख) अनुगमनबाट कार्यक्रम संतोषजनक रूपले सञ्चालन गरेको नदेखिएको ।

(ग) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु संलग्न नगरेको एवं संस्थाको विवरण पूर्णरुपमा उल्लेख नगरेको ।

(घ) मूल्यांकनमा साठी प्रतिशत भन्दा कम अंक प्राप्त गरेको ।

(ङ) गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन पेश नगरेको ।

(च) नियमानुसार कार्यालयमा सूचीकृत भएको नदेखिएको ।

(२) स्थानीय तहले आवश्यक नठानेका क्षेत्रमा अनुदान उपलब्ध गराइने छैन ।

११. **अनुदान प्राप्त गर्ने संस्थाको दायित्व :**

अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नु पर्नेछ :

(क) प्राप्त अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(ख) प्रत्येक ४ महिनाको खर्च, भौतिक प्रगति विवरण चौमासिक सकिएको १५ गतेभित्र अनुदान दिने कार्यालयमा पठाउनु पर्नेछ ।

(ग) अनुदानको रकम उपयोग गर्न नसकेमा आगामी कार्यक्रममा उक्त संस्थालाई समावेश गरिने छैन र बाँकी किस्ता पनि दिइने छैन ।

(घ) आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिनाभित्र लेखा परीक्षण गरी सो को एक प्रति र त्यस उपर संस्थाको प्रतिक्रियासहितको प्रतिवेदन अनुदान दिने कार्यालयमा समेत पेश गर्नु पर्नेछ ।

(ङ) प्राप्त अनुदानको रकम खर्च गर्दा कामको प्रकृति अनुसार निर्माण कार्यको लागि नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम र अन्यको हकमा बीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

(च) संस्थाले कानून बमोजिमको कर कट्टी गरेको हुनु पर्नेछ ।

१२. **अनुगमन गरिने :**

(१) अनुदान दिने निकायले यो निर्देशिका बमोजिम अनुदान वितरण गरे नगरेको र वितरण भएको अनुदानको सही उपयोग भए नभएको सम्वन्धमा देहायको बमोजिमको स्थानीय अनुगमन समिति रहनेछ :

(क) सम्वन्धित स्थानीय तहको नगर प्रमुख,

(ख) उप-प्रमुख,

(ग) कार्यालय प्रमुख,

(घ) महाशाख, शाखाका समितिको संयोजक,

(ङ) महाशाख शाखाको, प्रमुख,
शाखाको प्रमुख तथा सदस्य-सचिवले,

(२) उपदफा (१) बमोजिमको समितिले अनुदान दिइएको बिवरण अध्यावधिक रूपमा राख्न लगाई वर्षको कम्तीमा एक पटक आफैले वा तोकेको अधिकृतबाट अनुगमन गरी गराई सोको प्रतिवेदन सम्वन्धित निकायमा पेश गर्नु पर्नेछ

(३) समितिले स्थानीयस्तरमा अनुदान प्राप्त संस्थाहरूको काम कारवाहीको अनुगमन गर्न टोली खटाउन सक्नेछ ।

४) सो अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्बन्धित

कार्यालय, संस्थाको कर्तब्य हुनेछ ।

(५) कार्यालय र मन्त्रालयले गर्ने आफ्नो नियमित अनुगमनमा यसले असर पार्नेछैन ।

(६) अनुगमन टोलीमा मूल्यांकन तथा सिफारिस समितिका सदस्यहरूलाई समावेश गर्न सकिनेछ ।

(७) दिवा सेवा सञ्चालन गर्न एवं दिर्घकालीन पुनःर्स्थापना गृहमा आवासीय हिसावले बस्ने व्यक्तिहरूको लागि अनुदानको रकमबाट खर्च गरी दिन सकिने सेवा सुविधा सम्बन्धमा तथा अनुदान सम्बन्धी अन्य कुनै विषयमा अनुगमन समिति वा समितिले खटाएको टोलीले मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

(८) अनुगमन समिति वा समितिले खटाएको टोलीले गरेको अनुगमनको प्रतिवेदन सम्वन्धित निकाय समक्ष पेश गर्नुपर्नेछ ।

**१३. खाना तथा आवासीय प्रबन्ध :**

(१) यस निर्देशिका अनुसार प्राप्त अनुदान रकमबाट दीर्घकालीन पुनःर्स्थापना केन्द्र वा हेरचाह केन्द्रमा रहने व्यक्तिहरूलाई स्थानीय तहको कार्यालयको सिफारिसमा मन्त्रालयको स्वीकृति लिएर आवासीय सुविधा दिइएकाहरूको लागि मात्र खर्च गर्नुपर्नेछ । हाल बसिरहेकाहरूको हकमा पनि कार्यालयको स्वीकृति लिएर त्यस्तो सुविधा नियमित गराउनु पर्नेछ । स्थानीय तहको कार्यालयले त्यस्ता व्यक्तिहरूको विषयमा आवश्यक छानविन गरी उपयुक्त ठहऱ्याएको विषयमा मन्त्रालयमा सिफारिस गर्न सक्नेछ ।

(२) तत्काल कुनै व्यक्तिलाई दीर्घकालीन पुनःर्स्थापना गृह वा हेरचाह केन्द्रमा राख्नुपर्ने भएमा स्थानीय तहको कार्यालयले मन्त्रालयलाई जानकारी गराई त्यस्तो गृहमा पठाउन सक्नेछ ।

(३) दीर्घकालीन पुनःर्स्थापना गृहमा बस्ने व्यक्तिहरुलाई सम्वन्धित निकायले तोके बमोजिम दिइने खाना, खाजा, लत्ताकपडा, स्वास्थ्य उपचार

लगायतका सेवा सुविधा अनुदानको रकमबाट संस्थाले खर्च गर्नेछ ।

(४) दीर्घकालीन पुनःर्स्थापना गृहमा रहने बेसहारा, पूर्ण अपाङ्गता, अति अपाङ्गता भएका व्यक्तिहरूलाई हेरचाह गर्नको लागि १ जनादेखि १० जनासम्मको लागि ३ जना स्याहारकर्ता र त्यस पछिका प्रत्येक थप ४ जनाको लागि १ जना स्याहारकर्ताको दरले हुन आउने रकम अनुदान रकमबाट खर्च गर्न सकिनेछ । त्यस्तै बृद्धबृद्धाहरूको हकमा प्रत्येक १० जनासम्मको लागि १ जना हेरालुको खर्च अनुदान हुनेछ ।

(५) बृद्धाश्रममा रहेका अति अशक्त आश्रित जेष्ठ नागरिकहरूको लागि तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि पनि संस्थाले सोही संख्या बराबर स्याहारकर्ता राख्न सक्नेछ ।

(६) संस्थाको निजी सवारी साधन वा भाडाको सवारी साधनबाट अपाङ्गता भएको व्यक्ति वा जेष्ठ नागरिकहरूलाई सामूहिक आवागमन गराउँदा लाग्ने खर्च कार्यक्रम खर्चमा प्रस्ताव गर्न सकिनेछ ।

(७) बौद्धिक, मनोसामाजिक र अटिजम जस्ता अपाङ्गता भएका व्यक्तिहरूको लागि तोकिए बमोजिमको मापदण्ड अनुसार स्थापना भएका दिवा सेवा केन्द्रहरूमा सेवाग्राहीको संख्या अनुसार फिजियोथेरापिष्ट, स्याहारकर्ता र खाजाको रकम संस्थाले खर्च गर्न सक्नेछ ।

(८) समुदायले सञ्चालन गरेका दिवा सेवा केन्द्रको खुल्ने र बन्द हुने समय बिहान ९:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म रहनेछ । मंसिर, पुष र माघ ३ महिनाको लागि भने खुल्ने र बन्द हुने समय बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म हुनेछ ।

१४. **कार्यसम्पादन प्रतिवेदन :**

संस्थाले प्राप्त गरेको अनुदान रकमबाट सम्पन्न गरेको कामको कार्यसम्पादन प्रतिवेदन सम्बन्धित कार्यालय वा अनुदान उपलब्ध गराउने निकायमा

आर्थिक वर्ष सकिएको एक महिनाभित्र आवश्यक कागजातहरु संलग्न राखी बुझाई सक्नुपर्नेछ । निर्माण कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिक सिफारिस समेत संलग्न गर्नुपर्ने छ ।

**१५. सम्वन्धित स्थानीय तहले निर्णय र व्याख्या गर्न सक्ने :**

(१) यो निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै उजुरी पर्न आएमा सो सम्बन्धमा स्थानीय तहले निर्णय गर्नेछ र स्थानीय तहले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) यो निर्देशिका कार्यान्वयनको क्रममा कुनै द्विविधा पर्न आएमा स्थानीय तहले व्याख्या गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय तहले गरेको निर्णय र उपदफा (२) बमोजिम स्थानीय तहले गरेको व्याख्याको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१६. विविध :**

(१) सिफरिसमा संघ प्रदेश मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित खरीद ऐन र नियमावलीको अधिनमा रही खरीद गर्नु पर्नेछ साथै गोष्ठी, सेमिनार, तालिम, दैनिक भ्रमण खर्च, होटल बास आदिको सम्बन्धमा स्थानीय तहले तोके बमोजिमको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

(२) मन्त्रालय र अन्तर्गत कार्यालयका कर्मचारीले अनुदान प्राप्त गर्ने संस्थाका कार्यक्रममा भाग लिए वापत विज्ञको हैसियतमा वाहेक कुनै आर्थिक सुविधा लिनु हुँदैन । तर त्यस्ता कार्यक्रममा भाग लिन भने बाधा पर्नेछैन ।

(३) यो निर्देशिका बमोजिम प्राप्त अनुदान रकमबाट तालिमको लागि खर्च गर्दा स्थानीय सरकारको तालिम प्रदायक शाखाले तोकेको मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ ।

## अनुसूची-१

(निर्देशिकाको दफा ५ को उपदफा (५) सँग सम्बन्धित) अनुदान प्राप्त गर्न चाहने संस्थाले पेश गर्नुपर्ने अवधारणा पत्र (१ पेजमा नबढाई)

(क) कार्यक्रमको नाम :

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण :

(ग) उद्देश्य :

(घ) लक्षित समुदाय :

(ङ) क्रियाकलाप :

(च) कार्यक्रम अवधि :

(छ) अनुमानित कूल लागत :

(१) स्थानीय निकायको हिस्सा :

(२) संस्थाको हिस्सा :

(३) मन्त्रालयबाट दिइने अनुदानको हिस्सा (माग) :

आज्ञाले,

ऋषिराम के.सी.

प्रमुख प्रशासकीय अधिकृत